पाणिनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रोजगार सेवा केन्द्र

दुर्गाफाँट, अर्घाखाँची

पत्र संख्या ०७७/०७८
च. नं.

मिति: २०७७/०४/०३

## न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली , २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा पाणिनी गाँउपालिकाको समन्वयमा रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तीहरुले २०७७ श्रावण ८ गते देखी भाद्र ७ गते भित्रमा आफुले स्थायी बसोबास गरेको पाणिनी गाँउपालीकाको सम्बन्धीत वडा कार्यालयमा बेरोजगार व्याक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका , २०७५ को अनुशुची १ बमोजिम हुनु पर्नेछ र फारम अनुशारको विवरण पुरा भरेको हुनुपर्नेछ । निवेदनको ढाँचा (फारम) http://paninimun.gov.np/sample-form मा गइ **बेरोजगार दर्ताको लागि दिने निवेदनको ढाँचा (प्रशोधित)** डाउनलोड गर्न सकिनेछ र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

आवश्यक कागजातहरु

१ निवेदकको नागरिकताको फोटोकपी

२ निवेदकको पार्सपोट साइजको फोटो

३ निवेदकको परिवारको सम्पुर्ण व्यक्तीको नागरिकताको फोटोकपी र यदी परिवारको कुनै ब्यक्ती नागरिकता नबनिसकेको भए जन्मदर्ताको फोटोकपि। र सामाजिक सुरक्षा कोषबाट उक्त परिवारको कुनै सदस्यले रकम वा अन्य सेवा लिइएको भए खुलाउनु पर्नेछ।

नोटः विवरण पुरा नभरिएका र वडा बाट प्रमाणित नगरिएका निवेदनलाई अनलाइन दर्ता गर्न नसकिने भएको हुदा यस्ता निवेदन दिएका ब्यक्तिहरु काममा संलग्न हुन नपाउने जानकारी गराउदछौ ।

रोजगार संयोजक